# हर्षको आँसु !!

कथा

**टंक वनेम**

राधिकाको जीवनभरि अब संन्त्रासको भ्याङ मात्र उम्रिरहनेछ। आशाको टिलपिलाउँदो टुकीमा तेल थपिदिने कोही हुने छैनन्। जसरी आफ्नै अगाडि जिउँदो लोग्नेको लास डढाएर मारिएको थियो, उनी पनि त्यहीँ मर्न चाहन्थिन् तर मर्नुको सट्टा बाँच्नु पर्‍यो। महिना दिन नहुँदै सिउँदोको सिन्दुर पुछिन्छ भनेर राधिकाले कहिल्यै सोचेकी थिइनन्। तर नियतिले त्यही गोरेटोमा डोर्‍याउँन पुग्यो। उनी ठम-ठम हिड्दै थिइन। तर बाँच्नुको मज्जा हैन पीडाले निचोरेको मन ठ्वास्स गन्हाई रहेको थियो। शिक्षाको नाममा पाँच कक्षा पास गरेकी थिइन्। तर समाजको त्यो उछ्रिङ्खल लडाइको भेद बुझ्न सकेकी थिइनन्। किन मारिन्छन् मान्छे ? किन मधेशमा उधुमसंग लडाईको धुवाँ सल्किरहेछ। किन मारिए उनको श्रीमान ? किन डढाइयो सारा गाउँ ? र किन विस्थापित भएर आकाशको ओत मुनि बाँच्न परिरहेको छ। यी सबै कुरा बुझ्ने प्रयास गर्दै थिइन। राधिकाको न्वारान हुन पाएको थिएन। उसैको जन्म दिने बाबुलाई सहीय नभएर संधैको लागि प्रदेश लागेका थिए। उ भन्दा माथिको ठूली कान्छी नैं छोरीको गणनामा बढी भइसकेकी थिइन। पाँच ओटी छोरीको आगमन बाबुलाई सहीय नभए पछि सधैं घर झगडाको धुरी चुलीरहन्थ्यो। जेठी दिदी दन्त्य कथा झैं कहिले काहीँ बाबु प्रदेशिएको कथा सुनाउँथिन।

दिन बित्यो, रात बित्यो आमाको पौरखले छोरीहरूको उमेर पनि उकालो चढ्दै गयो। आफ्नै सुहाउँदो केटा रोजेर जेठी माइली र साइली बाटो लागिसकेका थिए। आमालाई खुसीको रङ थपिएकै थियो। महिना दिन अघि सोनुले राधिकालाई सुटुक्क भगाएर लगे पछि आमाको हेरचाह गर्ने ठूली कान्छी मात्र बाँकी रहेकी थिइन। त्यो दिन सबेरै हाट भर्न राधिका र सोनु राजमार्गको छेउमा आई पुगेका थिए। बजारको अर्को छेउबाट जिन्दावाद र मूर्दावादको निकै ठूलो जुलुस आफु भए तिरै अगाडि बढ्दा राधिकाले सोनुलाई भाग्ने सल्लाह दिएकी थिइन। सोनु अटेर गर्दै भन्दै थियो। यो देसको हल्ला नारा वाजी यस्तै हो पख ! गाडी आए पछि गई हाल्नु पर्छ। तर गाडी आउँनु पूर्व नैं ठूलठूला झण्डा हल्लाउँदै जुलुस आइ पुग्यो। जुलुसबाट एकजना प्वाक्क बोल्यो उ त्यो पहाडे केटा हो ठोक .....ठोक .....यती भन्न भ्याएको थिएन ...।

जुलुसका उग्र युवकहरू सोनुलाई लछार पछार गर्न आई पुगे। कोही आक्रोशित युवकहरू नजिकैको धान मिलबाट भुसको बोरा ल्याई आगो सल्काउँन थाले। सोनु जिउँदो नभएर लास भइसकेको थियो। जल्लादहरूले सोनुलाई भुसको आगोमा फ्याक्नै आँटेको बेला पछिल्तरबाट राधिकालाई कसैले झड्कासाथ तान्यो। फर्केर हेर्दा गाउँकै चिनेकी खुशिया बेगम रहिछन्। भन्दै थिइन अब तिमीलाई पनि बाँकी राख्दैनन् भागी हाल। यो चेतावनीले उ झसङ्ग भएर धान बारीको खेतै खेत भएर घरतिर लागिन तर सारा गाउँ जलि रहेको थियो। त्यो सिङ्गो रात खेतको गहरामै रात बिताइन्। आँखा अगाडि सोनुको हत्या, सारा गाउँ जलेको खरानी र धुवाँको नमिठो गन्धले भाउन्न भएर रिङ्गटा चलिरहेको थियो। अब आफ्नो गन्तव्य कतातिर बनाउँने हो निर्णय गर्न सकिरहेकी थिइनन्। झुकझुके उज्यालो भए पछि कतै जान उठिन तर हिड्ने तागत थिएन। चौपट्टै तिर्खा लागेको थियो। नजीकैको धमिलो खोलामा गएर तृष्णा मेटिन्। पीडाको आगो ह्वारह्वार्ती जलिरहेको थियो। खोला तरेर सानो उठेको डिलबाट चारैतिर नियालेर हेरिन्। निकै पर एक हुल मान्छेहरूको लश्कर देखिन्। डिलको सानो झौँसबाट निकैबेर ठम्याएर हेरे पछि बल्ल चिन्न सकिन्। पल्लाघरे माइला दाई, राम प्यारी, पोखेल बा, जितु काका र अरु थुप्रै पन्द्र बीस जनाको हुल अघि बढिरहेको थियो। ठूलो श्वास फेर्दै उनीहरू भए तिरै अगाडि बढी। माइला दाइले परैबाट चिने। राधिका उनीहरूको एउटा सदस्य भएर थपिन पुगिन्।

सबै भएर सल्लाह गर्न थाले। यता गए त्यो गाउँमा पुगिन्छ। उत्ता गए बाक्लो मधेशी बस्ती छ। यहाँबाट हामी सून्दरी डाँडा पुग्ने दिशातिर लागौं। बूढा बूढी र केटा केटी अगाडि बलिया बाङ्गा दाँया वाँया र पछाडि लागे। राधिकाले तिनै हुललाई पछ्याउँन थालिन्। मानौं राधिकाको जीवन पनि उनीहरूसंगै बग्ने नदी किनार भएर बग्दै छ। विस्थापित क्याम्पमा पत्रकारले लिएको राधिकाको कथा यहाँ भन्दा अगाडि बढ्न सकेन। दुखेको घाउमा किन नुन चुक दल्नु भन्ने मनशायले होला पत्रकारले धेरै विवरण लिन चाहेनन्। विस्थापित क्याम्पमा बसेर राधिकाले आमा र दिदीको हुलिया दर्ता गरिन। तर दुई महिना वितिसक्दा पनि लास वा श्वास केही खबर आइपुगेन। आफन्त भनेका तिनै गाउँका चिने जानेका मान्छे मात्र थिए। विस्थापित क्याम्पमा बस्न र खाने पानी संम्मको ब्यावस्था नभए पछि धेरै चिने जानेका गाउँलेहरू आ-आफ्नै बाटो लागिसकेका थिए।

वेसहारा राधिका विस्थापित क्याम्पको एउटा छाप्रोमा दिन विताई रहेकी थिइन। एक दिन दिउँसो हाते माइकबाट "राधिका नाम गरेको कोही हुनु हुन्छ भने आफन्त भेट्न आएका छन्। तुरुन्त यहाँ आउँनु पर्‍यो।" कति सचेत विस्थापितहरूमा खास खुस कुराकानी भइ रहेको थियो- "हामी बसेको क्याम्पमा कति जना को को बसेका छौं भन्ने नाम समेत तयार भएको छैन रहेछ" अर्कोले भन्यो- "माइक फुक्नेले नाम खोज्न अल्छि गर्‍या हो नत्र किन नहुनु नि" कति पल्ट भो सबैले आफ्नो विवरण लेखाएको। राधिका खुशीले गदगद् हुँदै माइक बजेको ठाउँमा पुगिन्। पतलैया बस्ने कान्छा काका भेट्न आएका रहेछन्। राधिका तिमी विस्थापित क्याम्पमा बसेकी छौ कि भनेर खोजी गर्न आएको हुँ। दुःखको खवर तिम्री दिदी र आमा यो संसारमा रहेनन्। राधिकाले काकालाई अंगालेर ग्वाँ... ग्वाँ... रोइन्। काका भन्दै थिए हेर छोरी संसारमा सबैलाई दुःख आईपर्छ तर हिम्मत हार्ने काम गर्नु हुँदैन। तिम्रो इच्छा भए काकाको घर तिम्रै घर हो। एक हप्ता सोंच्ने मौका दिएर अर्को हप्ता भेट्ने वाचा गर्दै उनका काका विदा भए।

राधिकालाई रातभरि निन्द्रा लागेन। यो विस्थापित क्याम्पमा कति दिन यसरी दिन विताउँनु ? गाउँ र शहरमा जिउँदै मान्छे पोल्ने मान्छेहरू थिए/छन्। यो विस्थापित क्याम्पभित्र दिन दहाडै यौन लुट्न खोज्ने ब्वाँसे हाकिमहरूको राज्य छ। काका असल नियतले यहाँ आएका मान्छे हैनन्। आमाको मुखबाट कति पल्ट सुनेकी थिइन। तिम्रो काका पतलैयामा बस्छन् उनी मान्छे बेच्ने ब्यापारी हुन। आधारात वितिसक्दा पनि राधिकाले विस्थापित क्याम्प छोडेर काकाको घर जाने नजाने बारे नियर्ण गर्न सकेकी थिइनन्। मधेशको ठाउँ सुनसान भए पनि टाढा टाढा कसैले खबरदारी गरेको आवाज कानमा गुञ्जिरहेको थियो। एउटा छाप्रो छ, प्लास्टिकको घर ओभानो नभए झैं छाप्रो भित्रको भुई झन चिसो थियो। ओढने ओछ्याउनेको नाममा एउटा कालो कम्बल थियो। राधिका त्यही कम्बलभित्र गुटुमुटु भएर गुडुल्किदै सुत्ने प्रयासमा आँखा चिम्लिन्थिन तर राधिकालाई निन्द्रा लागेको थिएन। राधिकाले अनुभव गर्दै थिइन निन्द्रा त्यसै नलाग्दो रहेछ। मन मनै कल्पना गर्दै थिइन निन्द्रा लाग्नु त शान्ति पो चाहिन्दो रहेछ त। छाप्रो भित्र साथीको रूपमा एक आमा छोरी थिए। आमा अहिलेसंम्म जागै थिई। राधिकाले श्वास बन्द गरेर सुनी उनीहरू मस्त निन्द्रामा घुरी सकेका थिए।

पल्लो छाप्रोमा हरेक रात युगल जोडीको बैंशालु अतृप्त उमंग उकालो चढ्दै थाकेर लखतरान भएपछि सुस्तरी आफ्नो थकाई चौतारीमा विसाउँछन्। राधिकाको बैंसमा पनि त्यसै त्यसै त्यो यात्राको मात चढ्न थाल्छ। तर एकास्सी भुसमा डढेको कालो मूर्दाले राधिका म जीउँदै छु तिमीले देखेको मेरो मृत्यु सपना मात्र हो भने झैं लाग्थ्यो। राधिकाको मन फेरि घुम्न थाल्थ्यो रोटेपिङ्को चर्खा झैं। धन्न हाकिम बुझ्काकी रहेछन्। नयाँ दुलहा दुलहीलाई सिङगै पलास्टिकको घर उपलब्ध गराएका रहेछन्। उनै बुझकी मानिएका हाकिम छेँड छाँड गरिरहन्थे। आमा छोरीसंग बस्न झन्झट लाग्छ भने त्यो एक्लो छाप्रोमा बस्न सक्छौ। मान्छे पनि हेर्दै जखमले अरिमठ्ठिएको थियो उस्को मुठ्ठे जुङ्गा देखेर त झन राधिकालाई रिसको पारो माथि माथि चढने गर्दथ्यो। यस्तै सोंचाइको चङ्गामा उड्दा उड्दै भुसुक्क निन्द्राले अंगालो मार्‍यो। विस्थापित क्याम्पमा जसो तसो दिनहरू बिति रहेका थिए। राधिकाले क्याम्प छाड्ने वा नछाड्ने नियर्ण गर्न बाँकी नैं थियो। फेरि एक दिन माइकमा सूचना जारी भयो। राधिकाका काका भेट्न आएका छन् यहाँ आउँनु पर्‍यो। राधिकालाई के भनौं भनौं भयो। नजाउँ त यो विस्थापित प्लास्टिकको छाप्रोमा कति दिन जीवन गुजार्ने ? जहाँ चारैतिर असूरक्षित र अब्यवस्थित छ। जाउँ त काका मान्छे ब्यापारी र पातकी हुन। गाउँमा भान्जी पर्नेसंग लहसिए पछि गाउँ निकाला भएका थिए रे ! राधिकाको मन भिरको चिण्डो झैं हल्लिरहर्‍यो।

राधिकाले एक्कासी वाक्य फुटाई जान्छु काका। विस्थापित क्याम्पका हाकिमले तिम्रो काका हो वा होइन ? उनी कहाँ बस्छन् ? काकासंग जान आफ्नो मञ्जुरी छ कि छैन ? इत्यादिको ब्याहोरा पुर्‍याएर सोधनी भए पछि एउटा कागजमा सही गराए। सम्पति भनेको आफ्नै आङको लुगा लाएर राधिका लागिन आफ्नै काकासंग पतलैया तिर। यस अघि कहिलै राधिका काकाको घरमा पुगेकी थिइनन्। बरु कान्छा काका एक पल्ट बाबुको खोजीगर्न आएका थिए। अर्को पल्ट जेठी दिदीको जन्ती पर्छाउँन बोलाइएको थियो। काकाको घर दुई तले काठको रहेछ। काका ब्याभिचारी भए पनि काकी शिलस्वभावकी थिइन। उनले राम्रै स्वागत गरिन। दुई दिदीहरू विवाह भएर आफ्नै घर गईसकेका रहेछन्। एक जना भाई चौध पन्द्र बर्षका थिए। काकाको ब्यापार बारे थाहा भएको हुनाले राधिका सुरु देखि नैं होशियार थिइन। मान्छेहरूको आवत जावत पनि बाक्लै हुने गर्दथ्यो। के विषयमा यस्तो जमघट हुन्छ राधिकाले चासो राखेकी थिइनन्। तर, एक साँझ भान्छा कोठाबाट अनौठो खास खुस सुनिन्। एक्काइस बर्षकीलाई एक लाख भारु नसुहाउँदो दाम भयो। राधिकालाई कसरी फन्दामा पार्ने ? त्यसमा पहिलो विवाहको चक्रब्यूह रच्ने र दोस्रो बेहोस बनाउँने आदि आदि बारे सल्लाह भएको थियो।

राधिकाले त्यसको कुनै प्रतिक्रिया जनाइन्। मानौं त्यो योजनाबारे उ अनभिज्ञ छिन्। साँझ भएको सल्लाहमा काकीको संग्लनता थियो कि थिएन कन्नी, काकी घर बाहिर गएकी थिइन। काकीले आफ्नो ब्यापार हुनबाट बचाउँछिन् कि भन्ने झिनो आशा गरेकी थिइन। तर त्यस्तो मानव तस्करसंग यतिका बर्ष जीवन बिताउँने आइमाई पक्कै त्यसको बिरोधी हुन सक्दिनन् भन्ने निर्णय गरिन। औंसीको रात भएपनि मुल बाटोमा उज्यालोको कमी थिएन। बेचिएर नर्क जीवन बिताउँनु भन्दा बेचिनुबाट मुक्ति पाउँने लालशाले काकाको घर छाड्ने टुङ्गोमा पुगिन। घरबाट राजमार्ग त्यति टाढा थिएन। आधारातको त्यो सुनसान रातमा राधिकाले राजमार्ग छेउमा पुगेर एउटा बूढो सालको फेदमा रात कटाइन्। राजमार्गमा एक दुई मोटर कुदे पनि रातमा यात्रा गर्न मनले मानेन। उनले विस्थापित क्याम्पमा दिइएको दुई सय रूपैंया साथैमा बोकेकी थिइन्। मिरमिरेमा यात्रु बस आई पुग्यो। सून्दरी डाँडातिर जाने बस रहेछ। करिव दिनको दुई बजेतिर विस्थापित क्याम्प नजिक आइ पुगिन्। त्यहाँबाट एक घण्टा हिँडेर सून्दरी डाँडाको गेटमा आई पुग्दा उही अरिमुठ्ठे हाकिम बसिरहेका थिए।

काकाको घरमा भएको घटना बेलि विस्तार लगाएर बताए पनि हाकिम पत्याउँने पक्षमा थिएनन्। तिमी यहाँबाट तिम्रो काकाको हात लागेर गईसकेकी छौं। गई सकेकी मान्छेलाई हामी फेरि दर्ता गर्न सक्दैनौं। दर्ता गर्नै परे ........ हाकिमले वाक्य पूरा नगरे पनि त्यसको आशय राधिकाले बुझिसकेकी थिइन, हाकिम के भन्दै छन्। त्यसै बेला अर्को पोष्टको गेटबाट हाते माइकमा आवाज आयो राधिका नाम गरेको कोही हुनु हुन्छ भने आमा भेट्न आएकी छिन्। राधिकाको आँखाबाट एकै पल्ट हर्ष र विष्मातको आँसुले आँखा डम्म ढाकियो। मरिसकेकी आमा के जीउँदो होलीन र ? तिमीले आमा मरिसकी भनेकी छौ। तिम्री आमा तिमीलाई भेट्न आएकी छिन्। खास कुरा के हो ? राधिकाले उत्तर दिन भ्याएकी थिइनन् अर्को पोष्टबाट घुमेर हाकिम भएको पोष्टमा एउटी बूढी मान्छे र उनको पछि पछि मधुरो छायाँले पछ्याए झैं दुई सजिव पैतलाहरू उ भए तिरै अघि बढिरहेका थिए। राधिकालाई आमा चिन्न बेर लागेन। दगुर्दै गएर आमालाई गमलङ्ग अंगालो हालीन्। राधिका र उनकी आमाको आँखाबाट एकैसाथ बर्रर .... हर्षका आँशु बगे। हाकिमको जुङ्गा उचालिएको दृश्य हेरेर ठूली कान्छीले हाँसो रोक्न सकिनन्। धुलो उडाउँदै आएको एउटा मिनी बसको धुलोले हाकिमको पोष्ट धुलाम्य बनाई दियो। हाकिमले तातो रिस पोख्न पुगे ओ ! ड्राइभर मान्छे किच्याउँने विचार छ कि क्या हो ?

***हाल - वेष्टमिडल्याण्ड।***

## कविता

### धर्म

**● माधव लिम्बू**

यो संसारै अन्धकार छ मेरो लागि हरेक दिन
युद्धले नै छाईरहन्छ सँधैभरि किन किन
युद्धलेनै भरिएको छ सारा संसार
रगतले नै बगाएर फेरिएको छ सबै आकार
जन्मे पछि मानिस एक दिन मर्नै पर्छ,

लामो र छोटो आयुको भर पर्छ भन्छन्
तर बाघले मुसा खेलाए पछि
लामो र छोटो आयुको केही भर नहुँदो रहेछ
यही युद्ध र द्वन्द्वको कारण
मान्छे भोकै पनि मर्नुपर्ने रहेछ,

मानिसले आफूलाई चिनाउँन धेरै शब्द
राखेका छन्
तर धर्म भन्ने शब्द गलत राखेछन्

धर्मले नै फैलाए यस्ता द्वन्द्व
धर्मले नै उडाए सारा ठाउँमा यसको गन्ध
धर्ममा सानो ठूलो कोही पनि नबनिने रहेछन्
माटोमा मुसा खेलाई धुलो चटाई चिनाउँन
खोज्दो रहेछन्

आमाबाट जन्म लिई सबैले आफ्नो धर्ममा
बराबर हक, अधिकार र सम्मान चाहान्छन्
तर अर्को धर्मले हक र अधिकार नदिंदो रहेछन्
बरु उनिहरुको हक र अधिकार खोस्दा रहेछन्
त्यसैले होला तेस्रो युद्ध फैलिन्छ भनेको
भयो भने हेरौंला रगतले बगाएर फेरिएको

युद्धले नै भरिएको छ सारा संसार
रगतले नै बगाएर फेरिएको छ सबै आकार

□

### तिमी नै तिमी

**● निर्मला राई**

यो रात नहिडेको भए, यो मेरो खुसी नझर्दो हो
यो धर्तीमा तिमी नजन्मेको भए मेरो
सिउँदो नभरिदो हो
मेरो खुसी, मेरो हाँसो, मेरो आँसु सबै
तिमी नै त हौ
तिमी नै तिमी मेरो चाह, मेरो रौनक,
सबै इच्छाहरु तिमी नै त हो

यो रात नहिडेको भए, यो मेरो खुसी
नझर्दो हो
यो धर्तीमा तिमी नजन्मेको भए, मेरो
सिउँदो नभरिँदो हो
हिडिरहने रातहरु हिडी गयो, त्यो
उज्यालो बिहानी पनि त
तिमी बिना मेरो औंशी बनिदियो,
सबै खुसी छिन मै लुटी गयो

सबैको लागि दिनै दिन उज्यालो भएर
पनि त
मेरो लागि त्यही रातहरु नै उज्यालो र
खुसि रह्यो
अँध्यारो कहलिने औंशीहरु पनि
तिमीसामु चहकिलो रौनक बनि दियो
तिम्रो बिछोडमा यी उज्याला दिनहरु
पनि त
रातै रात भई गयो
मेरो सबै हाँसो र खुसी लुकी गयो
तिमी बिनाको जीवन मेरो हिलो माटो
सरी मुछि गयो
बदल्न खोजे मन कति कति
बिर्सन खोजें विगत कति कति
कहाँ बिर्सन र बदल्न सकियो र आखिरी यसरी
यही डुब्न नै मजा लाग्न थाल्यो

*फोक्स्टन, केन्ट, सनक्लिफ, आर्मी क्वाटर*

□


## घरैबसि विश्वब्यापी कविता प्रतियोगितामा भाग लिनुहोस्

आगामी सरस्वती पूजाको दिन गतबर्ष झै घरैबसी **"अनलाइन विश्व वेभक्याम कविता प्रतियोगिता २०६५"** मा सहभागी बन्नुहोस र आकर्षक पुरस्कार साथै प्रमाणपत्र प्राप्त गर्नुहोस। कम्प्युटरमा वेभ क्यामेरा जोडेर इन्टरनेटबाट आफ्नो कविता वाचन गरी प्रतियोगितामा सहभागी बन्न सकिने यस कार्यक्रमको बारेमा थप जानकारी लिन www.sahityaGhar.com हेर्नुहोला। सहभागीले २७ जनवरी भित्र आफ्नो नाम दर्ता गराइ सक्नुपर्नेछ।

**मिति :** ३१ जनवरी ०९, लोडसेडिङको कारण नेपालबाट ३ दिन अघिबाटै सहभागी बन्न सकिने छ।

**समय :** बिहान ७ बजे देखि वेलुकी ९ बजे सम्म

**च्याट गर्ने ठेगाना :** sahityaghar@yahoo.com, sahityaghar@hotmail.co.uk

**विशेष सहयोगी :** अनेसास, वेलायत च्याप्टर

**सह-आयोजक :** नेपाली साहित्य विकास परिषद, प्रवासी नेपाली साहित्य समाज, वेलायत एवं ब्रुनाई

*आयोजक :*

**अनलाइन नेपाली साहित्य मञ्च, वेलायत**

**फोन नं. ०७८७८५३३५८२**


## साप्ताहिक राशि फल

ज्यो. निलहरि घिमिरे / rashi@nepalisandesh.com / २००९/१/२१ बुधवारदेखि २००९/१/२७ मंगलवारसम्म

**मेष** सुरु समाचारले मन रमाउने छ। पारिवारिक सहयोग र सद्भाव मिल्ने छ। कर्मचारीको पदोन्नति हुने अथवा विशेष स्थान उपलब्ध हुने देखिन्छ।

**वृष** मिश्रित फलदिने समय छ। देश विदेशको यात्रा हुने छ। घर, जग्गा जमिन उपलब्ध हुने, जागिर प्राप्त हुने भएतापनि शरिर तनाव ग्रस्त रहने छ।

**मिथुन** मनले चाहेको काम सम्पन्न हुनेछ। अधुरो र अपुरो काम बन्ने छ। नेतृत्व बहन हुने समय छ। ईष्ट मित्रहरुबाट यथेष्ठ सहयोग मिल्ने छ।

**कर्कट** अनावश्यक धनको खति हुनेछ। शरिरमा आलस्य, अजीर्ण सम्बन्धी रोग देखिएला। सिर्जनात्मक काममा लागे भलो हुनेछ।

**सिंह** मन खिन्न हुने अवस्था छ। डरले पनि रोग जमाउने छ। गलत काम आफैबाट हुन जाला। आफैलाई पश्चातापले पिरोल्ने छ।

**कन्या** माया पिरतीको क्षेत्रबाट सन्तोष, व्यापार वृद्धि, निजिकामबाट आंशिक सफलता भएपनि शरिरमा पीडा, मनमा असन्तोष बढी यात्रामा धन खर्च होला।

**तुला** नोकरी गर्नेहरुका लागि समय फलदायी छ। प्रतिक्षा गरेका काममा सफलता मिल्ने छ। कतै अल्झेको धन पनि प्राप्त हुनेछ।

**वृश्चिक** समय तपाईको पक्षमा रहेको छ। केहि शुभ उपलक्ष्यमा मान प्रतिष्ठा प्राप्त गरिने छ। मानसिक पीडाको अन्त्य हुनेछ।

**धनु** बेरोजगारी समस्याको अन्त्य हुनेछ। अलग्गिएको मित्रसंग पुनर्मिलन हुने योग छ। अतिथिको आगमनले खुशियाली छाउने छ।

**मकर** कुनै बन्धन वा संकटबाट छुटकारा मिल्ने छ। सोंचेका काममा सफलता, आर्थिक स्थितिमा सुधार, भौतिक सुख प्राप्ति होला।

**कुम्भ** जटिल परिस्थिति देखा पर्ला, तपाईका विरोधीहरु प्रशस्त भेटिने छन्। व्यर्थ बिवाद बढ्ला, मानसिक क्लेश उत्पन्न होला।

**मीन** दुःख विमारमा परिएला, धनको खर्च बढने छ, चोट पटक लाग्न सक्छ। व्यापारमा हानि, नोकरीबाट दिक्क लाग्ला।


## सेतो बाघ

audio book को रुपमा




सुप्रसिध्द उपन्यासकार डायमनशम्सेर राणाको बहुचर्चित उपन्यास ***सेतो बाघ***को सुन्ने संस्करण, audio book प्रकाशित भएको छ।

waves etc. Ltd. London व्दारा प्रस्तुत ***सेतो बाघ*** नेपालको इतिहासको एक कालखण्डमा शक्तिका लागि भएका भयंकर होडबाजी, हत्याहिंसा, षडयन्त्र, प्रेम र विलासी जीवनको सजीव वर्णन हो।

***सेतो बाघ*** बेलायत तथा संसारभरका स्रोताहरुले www.nepaluk.com/shop मार्फत onLine प्राप्त गर्नसक्नु हुनेछ। मुल्य £12


## हार्दिक समवेदना



स्व. ईन्द्र लोहनी

कुशल सञ्चारकर्मी एवम् अधिवक्ता ईन्द्र लोहनीको हृदयघातका कारण ४१ बर्षको उमेरमा मिति २०६५ साल माघ ३ गते शुक्रवार असामयिक निधन भएकोमा हामी अत्यन्त मर्माहत भएका छौ। यस दुखद घडीमा शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

**नेपाल ब्रिटेन लयर्स एशोसियसन, यूके**